१. नगरपालिका क्षेत्रभित्रका सडक लगायतका भौतिक योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) सहितको नगर गुरुयोजना (Master Plan) तयार गर्ने **कार्यको कार्यशर्त विवरण**

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **काम** : नगरपालिका क्षेत्रभित्रका सडक लगायतका भौतिक योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) सहितको नगर गुरुयोजना (Master Plan) तयार गर्ने | **सेवा प्रकृति** : **परामर्श सेवा** |
| **कार्यालय:** आठविसकोट नगरपालिकाको कार्यालय, पश्चिम रुकुम | **सुपरिवेक्षक:** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र **नगरपालिका अन्तर्गतका निकायहरू** |
| **कार्य समय** : सम्झौता बमोजिम | **सेवा अवधि** : बढिमा तीन महिना |
| **प्रतिवेदन पेश गर्नुपर्ने निकाय** : **आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम(पश्चिम)** | **मुख्य कार्य :**<br>• **नगरक्षेत्रभित्रका नगर सडक(A-type, B -type र C- type)हरूको सर्वे र डिजाइन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।**<br>• **विस्तृत परियोजना प्रतिवेदन तयार पार्नुपर्ने सडकको लम्वाई करिव १० किलोमिटर हुनेछ ।**<br>• **नगरपालिका स्थित राडीबजार र सिमबजार क्षेत्रको शहरी विकास सम्बन्धी भौतिक संरचना निर्माण एवं शहरी सुविधा विकास र विस्तारको लागि सर्वे डिजाइन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने।**<br>• **२५ शैयाको अस्पताल निर्माणको लागि डिजाइन इस्टिमेट तयार गर्ने** |

उद्देश्यहरु :

- **नगर क्षेत्रभित्रका सडकहरूलाई सडकको क्षेत्राधिकार अनुसार फराकिलो बनाई ग्राभेल तथा पक्की सडक निर्माणको लागि आवश्यक कार्य र प्रक्रिया अगाडी बढाउने ।**
- **न्यूनतम शहरी सुविधा सहितको नगरपालिकाको निर्माण गर्ने ।**
- **भौतिक संरचना निर्माणको लागि वास्तविक डिजाइन, इस्टिमेट र नक्सा तयार गरी डिजाइन, इस्टिमेट र नक्सा अनुसारको भौतिक संरचना निर्माण गर्ने ।**
- **स्रोत साधन र बजेट कार्यान्वयन र परिचालनमा वास्तविकता ल्याउने ।**
- **नगरपालिकामा कार्यरत इन्जिनियर एवम् प्राविधिक कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्ने ।**

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|

| परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्: | | |
|---|---|---|
| • नगरक्षेत्रभित्रका नगर सडक(A-type, B -type र C- type)हरूको सर्वे र डिजाइन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।<br>• विस्तृत परियोजना प्रतिवेदन तयार पार्नुपर्ने सडकको लम्वाई करिव १० किलोमिटर हुनेछ ।<br>• नगरपालिका स्थित राडीबजार र सिमबजार क्षेत्रको शहरी विकास सम्बन्धी भौतिक संरचना निर्माण एवं शहरी सुविधा विकास र विस्तारको लागि सर्वे डिजाइन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।<br>• २५ शैयाको अस्पताल निर्माणको लागि डिजाइन इस्टिमेट तयार गर्ने<br>• नगर विकास गुरूयोजना तयार पार्नको लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने । | • उल्लेखित सडक तथा भौतिक संरचनाको सर्वे, डिजाईन भई विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>• विस्तृत परियोजना प्रतिवेदनको आधारमा नगर विकास सम्बन्धी गुरूयोजना तयारीको लागि आवश्यक परामर्शसेवा प्राप्त भएको ।<br>• परामर्शदाताको ज्ञान तथा सीप र दक्षता नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरूमा हस्तान्तरण भएको | • स्थानीय तहका प्रणालीहरूको संचालन र प्रतिवेदन ।<br>• नगरपालिकाका विभिन्न निकायले गरेको अनुगमन तथा मूल्यांकण<br>• सम्बन्धित फाँटका कर्मचारीहरूको कार्यसम्पादन स्तरको मापण |

ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| • सूचना तथा सञ्चार प्रविधिमा दक्षता<br>• विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धमा परामर्शदाताको अनुभव र कार्यसम्पादन स्तर | • ल्यापटप<br>• इन्टरनेट<br>• मोवाइल<br>• दक्ष जनशक्ती<br>• सर्वे, डिजाइनको लागि आवश्यक पर्ने सम्पूर्ण प्राविधिक उपकरणहरू उपलब्ध भएको | • कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विषयगत तालिम, अभिमुखिकरण<br>• सन्दर्भ सामाग्रीहरूको उपलब्धता -नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना आदी)<br>• अनुभव आदान प्रदान र सिकाईको अवसर<br>• उपयुक्त कार्य वातावरण (सूचनामा पहुँज, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदी) |

- परामर्शदाताले सम्झौता भएको मितिले तीन महिनाभित्र माथि उल्लेखित सम्पूर्ण कार्यहरू सम्पन्न गरी नगरपालिकामा प्रतिवेदन सहितको प्रोफाइल पेश गरिसक्नु पर्नेछ ।
- नगरपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध भएसम्मका एवम् उपलब्ध गराउन मिल्ने खालका सूचनाहरू उपलब्ध गराउने छ ।
- माथि उल्लेखित कार्यहरू गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा एवम् उपकरणहरू छनौट भएको परामर्शदाता र नगरपालिकाविचको सम्झौतामा उल्लेख गरिनेछ ।